QUALITY PUBLICATION

# रौतामाई

Rautamai National Daily

दैनिक

जि.प्र.का. उदयपुर
द.नं. : ६५-०७५/०७६
जि.हु.का.द.नं. : २२-०७८/७९

सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्

| पेज | दररेट |
| --- | --- |
| पहिलो पेज | रु.५५०/- प्रति सेमीकोलम |
| भित्री/अन्तिम पेज | रु.४५० प्रति सेमीकोलम |

नोट : उल्लेखित दररेटमा कर समावेस गरिएको छ।

रौतामाई दैनिक
त्रि.न.पा.-११, गाईघाट
सम्पर्क :
९८५२८३५५००, ९८४२८०५७२१
rautamaidaily@gmail.com

वर्ष : ६ | अंक : १२० | २०८१ कार्तिक २७ मंगलबार | 12 November 2024 | मूल्य रु. ५।-


# दनुवार समुदायमा 'बड्की' एकादशीको रौनक सुरु



**रौतामाई संवाददाता**
**उदयपुर, २६ कार्तिक**

उदयपुर र सिन्धुलीको कमलाखौँच क्षेत्रका आदिवासी दनुवार जातिमा बड्की एकादशीको रौनक सुरू भएको छ ।

हरिबोधनी एकादशीका दिन बड्की एकादशी अर्थात् दनुवार समुदायले यस दिनलाई आफ्नो सबैभन्दा ठूलो चाडका रूपमा मनाउने गर्दछन् ।

आज साँझदेखि नै दनुवार समुदायमा यस चाडको कार्य प्रारम्भ भएको छ ।

"आज नै नुहाएर घरका कुमार केटा र कुमारीहरूले साँझ माछामासु खाँदैनन्," उदयपुरको कटारी नगरपालिका-४ का स्थानीय दनुवार जागरण समाजका पूर्वकेन्द्रीय सदस्य लीला अधिकारी दनुवारले भने, "भोलि एकछाक खाएपछि व्रत सुरू हुन्छ ।"

दनुवार जातिले परिवार समुदायमा सुख, शान्ति र समृद्धि आउने जनविश्वासका साथ ठूलो पर्व बड्कीमा व्रत बस्ने परम्परा रहेको पनि अधिकारी दनुवारले बताए । व्रतको परम्परा चार दिनसम्म चल्नेछ । "एकादशीका दिन दनुवार वेशभूषामा सजिएर कमला नदीबाट जल ल्याएर व्रत जारी राख्छौँ", कटारी नगरपालिका-३ का स्थानीय दनुवार जागरण समाजका पूर्वकेन्द्रीय सदस्य वैजनाथ दनुवारले भने, "कन्या केटी, कन्या केटा र विवाहित महिलाले पनि व्रतमा सहभागी हुन पाउँछन् ।"

कमला नदीमा जल लिन उदयपुरको कटारी नगरपालिका र सिन्धुलीको दुधौली

■ बाँकी ३ पेजमा

# उदयपुरको मुख्य निर्वाचन अधिकृत र अधिकृत नियुक्ती

**रौतामाई संवाददाता**
**उदयपुर, २६ कार्तिक**

निर्वाचन आयोगले आगामी मंसिर १६ गतेका लागि तय भएको स्थानीय तहको उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत नियुक्त गरेको छ । उदयपुरमा हुने उपनिर्बाचनका लागि मुख्य निर्बाचन अधिकृतमा उदयपुर जिल्ला अदालतका जिल्ला न्यायधिश दिपककुमार खरेल नियुक्ती भएका छन । मुख्य निर्बाचन





अधिकृतको कार्यालयले त्रियुगा नगरपालिका- १२ नम्बर वडाध्यक्षको निर्बाचन गराउने छ । त्यसैगरी निर्बाचन अधिकृत जिल्ला सरकारी वकिल

■ बाँकी ४ पेजमा

# कटारी नगरपालिकामा आज सार्वजनिक बिदा

**रौतामाई संवाददाता**
**उदयपुर, २६ कार्तिक**

उदयपुरको कटारी नगरपालिकाले आज स्थानीय सार्वजनिक बिदा दिएका छन्। हरिबोधिनी एकादशी पर्व तथा तुलसी विवाहको अवसरमा मंगलबार जिल्लाको कटारी नगरपालिको सूचना निकालेर बिदा दिएका हुन्। नगरप्रमुख राजेश चन्द्र श्रेष्ठले एक सूचना जारी गर्दै हरिबोधिनी एकादशी पर्वको अवसरमा सार्वजनिक विदा




दिएको जनाईएको छ । आदिवासी तथा अन्य बहुसंख्यक समुदायले हरिबोधिनी एकादशी

■ बाँकी ४ पेजमा


विगत लामो समयदेखि त्रियुगा नगरपालिका ११ गाईघाट स्थित पेट्रोल पम्प लाईनबाट संचालित मुनाल पुस्तक भण्डार बैंक लाईन स्थित बाणिज्य बैकसँगै रहेको घरमा सरेको जानकारी गराउदछु ।

मुनाल पुस्तक भण्डार
गाईघाट, बैंकलाईन
०३५४२२१२५






## रौतामाई सम्पादकीय

### युवाहरुको सम्झन योग्य काम

उदयपुरको चौदण्डीगढी नगरपालिका ६ मा रहेको रमणीय कौवाखोज पिकनिक (वनभोज) स्थलमा डस्टबिन राखेको छ । बेल्टारका युवाहरुको समूह "क्लिन एण्ड ग्रीन सिटी बेल्टार"ले देउरी भैलोबाट संकलित रकमबाट डस्वीन राखिएको छ । आइतबार कोशी प्रदेश सभा सदस्य राजन किराती बासु, चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख कालुमान लामा, सम्बन्धित वडाका वडा अध्यक्ष अम्बर बहादुर खड्का, जिल्ला समन्वय समिति सदस्य मन्जु परियार मार्फत डस्टबिन वितरण गरेको हो ।

"क्लिन एण्ड ग्रीन सिटी बेल्टार"मा आवद्ध युवाहरुको समुहले देउसी भैलो मार्फत संकलित रकम द्वारा कौवाखोज पिकनिक स्थलका लागि ७ थान डस्टबिन वितरण गरेको छ । युवाहरुले कौवाखोज पिकनिक स्थललाई सफा राख्न दैनिक सफाई गर्नु पर्ने निर्णय गर्दै सफाइको जिम्मा पाएको ठेकदार विनोद मगरलाई आग्रह गर्ने र सफाई गरेको फोहोर डस्टबिन हाल्ने निर्णय गरेको छ । डस्टबिन वितरण कार्यक्रम स्थानीयहरुले पिकनिक स्थलमा शौचालयको समस्या रहेको भन्दै यसको दिगो ब्यबस्थापन लागि माग गरेका थिए । उक्त मागलाई चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख कालुमान लामाले शौचालय निर्माण गर्ने जानकारी दिनु भयो । चौदण्डीगढी नगरपालिकाको वडा नम्बर ६ र २ को वन क्षेत्रमा पर्ने कौवाखोज पिकनिक स्थललाई आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नु पर्ने आवश्यकता रहेको छ । यसरी नै युवाहरुले सामाजिक क्षेत्रमा कार्य गर्ने हो भने समाज आफै सुध्रने थियो ।

# लयमा फर्किएको नेपाली राजनीति र विपक्षीको बन्दर घुर्की

**नेकपा (एमाले) र नेपाली कांग्रेसले संसदको बाँकी अवधिको लागि सत्ता साझेदारीमात्र गरेका छैनन्, यो अवधिमा संविधान कार्यान्वयनको क्षेत्रमा देखिएका समस्या समाधान गर्ने, खर्चिलो निर्वाचन प्रणालीमा सुधार गर्ने, सुशासन दिने, संघीयतालाई सरल, सहज र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, अर्थतन्त्रलाई सकारात्मक मार्गमा डोहोर्‍याएर सबल र स्वावलम्बी बनाउनेजस्ता महत्वपूर्ण लक्ष राखेका छन् ।**



निर्मल भट्टराई

विगतमा नराम्ररी विथोलिएको नेपालको राजनीति विस्तारै लयमा फर्कँदै छ । नेपाली कांग्रेस र नेकपा एमालेको सुझबुझपूर्ण निर्णय र सहकार्यले गलत बाटोमा हिंडेको नेपालको राजनीतिलाई सही ट्र्याकमा फर्काउन विस्तारै सफलता मिल्दैछ ।

उग्र वामपन्थी ह्याङ ओभर बोकेका शक्ति र अराजकताको जगमा राजनीति गरिरहेका शक्तिबाट देशलाई सही गन्तव्यमा पुर्याउन असम्भव प्रायः हुने हुँदा देशलाई जोगाउन दुई चीर प्रतिद्वन्दी एमाले र कांग्रेस सहमतिमा पुग्न वाध्य भए । देशलाई संकट परेको बेला आफूबीचका सारा असहमतिलाई थाँती राखेर सहकार्य गर्ने इतिहास बनाएका देशका दुई प्रमुख दलले फेरि एकपटक यो सफल प्रयास गरेका हुन् ।

नेपाली कांग्रेस र एमालेलाई भिडाएर आफ्नो सत्ता स्वार्थ पूरा गरिरहेका माओवादी सुप्रिमो प्रचण्ड र अराजकताको जगमा हुर्कँदै गरेका रास्वपालगायतका दललाई एमाले(कांग्रेसको यो मिलनले औडाहा पैदा भएको छ । सदाको लागि सत्ताविमुख हुने भय पैदा भएको छ । जनसमर्थनको धरातल गुमाउँदै गएका प्रचण्ड र आफ्नो वितण्डाकारी विगतको कारण एकपछि अर्को समस्यामा पर्दै गएको रास्वपा घाइते बाघ जसरी आफ्नो व्यवहार देखाइरहेका छन् । उनीहरूले जतिसुकै आफूलाई मात्र सही र अरूलाई गलत भने पनि उनीहरूको धरातल निरन्तर खस्कँदै गएको छ ।

नेकपा९एमाले० र नेपाली कांग्रेसले संसदको बाँकी अवधिको लागि सत्ता साझेदारीमात्र गरेका छैनन्, यो अवधिमा संविधान कार्यान्वयनको क्षेत्रमा देखिएका समस्या समाधान गर्ने, खर्चिलो निर्वाचन प्रणालीमा सुधार गर्ने, सुशासन दिने, संघीयतालाई सरल, सहज र प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, अर्थतन्त्रलाई सकारात्मक मार्गमा डोहोर्याएर सबल र स्वावलम्बी बनाउनेजस्ता महत्वपूर्ण लक्ष राखेका छन् । उनीहरूले वाचा गरेका उल्लिखित काम समयमा सम्पन्न भएमा देशले साँच्चिकै छोटो समयमा काँचुली फेर्नेछ । अर्कातिर माओवादीलगायतका विपक्षी दलहरु झण्डै दुई तिहाइ संसदीय गणित आफ्नो पोल्टामा बोकेर बसेका सत्तारूढ दुई दलको योजना असफल बनाउन न्वारानदेखिको बल लगाउँदैछन् । सरकार बन्ने वित्तिकै नेपाललाई बङ्गलादेश वा श्रीलंका बनाइ दिन्छौं भन्दै कुर्लने, संयुक्त राष्ट्रसंघ महासभामा प्रधानमन्त्रीको ओझिलो उपस्थितिलाई हाँसिमजाक गर्ने, बाढी(पहिरो पीडित जनतालाई राहत, उद्दार र पुनस्स्थापनामा तीव्र तथा प्रभावकारी ढङ्गले काम गरिरहेको सरकारलाई हप्तौंपछि ज्ञापन पत्र बुझाउने, साफ महिला फुटबलको फाइनलमा खेलाडीलाई हौसला प्रदान गर्न दशरथ रङ्गशाला पुगेका प्रधानमन्त्रीविरूध्द नारावाजी र हुटिङ गर्ने, हजारौं वर्षदेखि आयोजना हुँदै आएका हाम्रा सांस्कृतिक चाडपर्वलाई आफ्नो राजनीतिक अखडा बनाउने तथा संसदीय छानविन समितिले सर्वसम्मत रूपमा कारबाहीको सिफारिस गरिएका व्यक्तिको प्रहरी छानबिन र अदालती प्रक्रियामा रोक्न हुलहुज्जत गर्ने अचम्मका क्रियाकलाप गरिरहेका छन्। अझ अचम्मको कुरा त के छ भने मानव तस्करीको आरोप लागेका कोसी प्रदेशसभा सांसद लीलाबल्लव अधिकारीलाई एमालेले तत्क्षण पार्टीबाट निलम्बनको कारबाही मात्र गरेन, एमाले नेतृत्वको वर्तमान सरकारले अनुसन्धानको लागि नियन्त्रणमा लिइसक्दा पनि सहकारी ढगीको गम्भिर आरोपमा हिरासतमा रहेका आफ्ना सभापति रवी लामिछानेलाई कारबाही त परै जावोस्, सभापति पदबाट निलम्बन समेत गर्न सकेको छैन । उल्टै अदालती प्रक्रिया अवरोध गरेर उनलाई हिरासत मुक्त गराउन 'कडा आन्दोलन' गरिरहेको छ ।

आफू प्रधानमन्त्री हुँदा सुशासन र भ्रष्टाचार नियन्त्रणका ठूलै डंका पिट्ने पुष्पकमल दाहाल 'प्रचण्ड' रवीलाई सरकारले प्रतिसोध साँधेको भन्न छोडेका छैनन् । सरकारलाई धुलो चटाउने बन्दर घुर्की लाउन छोडेका छैनन्। इतिहासको गर्भमा हराइसकेको 'कार्यकारी राष्ट्रपति'को मुध्दा बोकेर हिड्न थालेका छन् । महादेवले बोकेको सतिदेवीको मृत शरीरझैं करिब विसर्जनमा पुगेको माओवाद बोकेर पुनस् जनतामा जाने उद्घोष गर्दैछन् । वास्तवमा राजनीति समस्याहरूको पहाड हो र सँगसँगै समाधानहरूको अनन्त नदी पनि हो । समकालिन नेपालमा सबैभन्दा धेरै जनताले विश्वास र भरोसा गरेका नेता के पी शर्मा ओली नेपाली राजनीतिमा देखिएका समस्याहरूलाई छिचोलेर र उग्र वामपन्थ र अराजकतालाई निचोरेर देशलाई अपेक्षित गन्तव्यमा सहजै पुर्याउन सक्छन् भन्ने सहज निष्कर्ष निकाल्न सकिन्छ ।

## आजको राशिफल

– ज्यो.प. मुकुन्दप्रसाद

मेष – समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ ।
मिथुन –सजिलै अरूको मन जित्न सकिएला र लाभ मिल्नेछ ।
कर्कट – आज शुभकार्यको चर्चा चल्नेछ ।
सिंह – जोशजाँगर र हिम्मत बढ्नेछ ।
कन्या – लाभहानी, आयव्यय, सुखदुःख बराबरी हुनेछ ।
तुला – सेवा गर्ने अवसर जुट्न सक्छ ।
बृश्चिक –काम बिगार्न चाहनेहरु अगाडि बढ्न सक्छन् ।
धनु – स्वरोजगारीका निम्ति दौडधुप गर्नुपर्ने हुन सक्छ ।
मकर – यात्रा गर्दा बाटोमा दुख हुन सक्छ ।
बृष – परोपकार तथा सहयोग आदिमा भूमिका निर्वाह गर्न पाइनेछ ।
कुम्भ – धन हात पर्ने योग छ ।
मीन – सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै बढी लाभ मिल्नेछ ।


स्कारपियो गाडी आवश्यक परेमा सिधा सम्पर्क



गाईघाटबाट नेपालको जुनसुकै स्थानमा जानको लागि तपाईलाई स्करपियो गाडि भाडामा चाहिएमा सिधा सम्पर्क
९८४२८५५७४६, ९८६१११५८२८



९८४२८४५०८१
टिका डेन्टल
त्रियुगा नगरपालिका ११, सेतोपुल
हामीकहाँ दाँत सम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।



नमस्ते डेन्टल

हाम्रा सेवाहरू :
- दाँत, मुख, गिजा परीक्षण तथा उपचार परामर्श सेवा ।
- दन्त एक्सरे सेवा ।
- दाँत तथा गिजा आधुनिक प्रविधिबाट सफा गरिने ।
- दाँतमा सिमेन्ट सिसा, चाँदी भर्ने ।
- दुखेको दाँतको (RCT) अर्थात जरादेखि उपचार गरेर नदुख्ने बनाउने ।
- दुखेको तथा हल्लीएको दाँत नदुखाई निकाल्ने ।
- दाँत नभएको ठाउँमाा नयाँ कृत्रिम फिक्स दाँत फुटकर रुपमा वा पुरै समेत राख्ने ।
- दाँतमा खोल लगाउने क्राउन ब्रिज गर्ने ।

सम्पर्क
नमस्ते डेन्टल एण्ड ओरल हेल्थकेयर सेन्टर प्रा. लि.
त्रि.न.पा.-११, रौता मेडिकल अगाडी
९८६२९८९८८९/९८१७७०६१६२
डा. निरज कुमार देव (बरिष्ठ डेन्टल सर्जन)
डा. सम्झना चौधरी (डेन्टल चिकित्सक)



प्रो. बिजय कुमार साह
९८४२८२५०७४
९८०७७४४६००
९७६२५१००४५
एम्बुलेन्स सेवा साथै स्कारपियो भाडा पाईन्छ ।
बिजय मेडिकल हल
(त्रि.न.पा.-१० अस्पतालगेट बाट हिमाली टोलमा सरेको छ)
यहाँ विभिन्न किसिमको औषधीहरु पाईन्छ ।
स्थान : त्रि.न.पा. ११, हिमाली टोल
०३५-४२२७५७

९८४२८३७३९३
गाईघाट आईसक्रिम पार्लर एण्ड वेकरी क्याफे





त्रियुगा नगरपालिका ११ गाईघाट सेतोपुल
विवाह, ब्रतबन्ध, बर्थ डे, बैबाहिक बर्षगाठ, सबै शुभकार्यका लागि केक लगायत बेकरी परिकारहरू सूपथ मूल्यमा पाईन्छ

मधु पोलिक्लिनिक सेवा केन्द्र प्रा. लि.
त्रियुगा नगरपालिका ११, गाईघाट
- हाड नाश बाथ रोग तथा पलास्टर सेवा छाला तथा सौन्दर्य सम्बन्धी उपचार
- यौनाङ्ग चिलाउने, महिनाबारी समस्या, सेतो पानी बग्ने तथा गन्हाउने र महिला सम्बन्धी सम्पूर्ण रोगको उपचार गरिन्छ ।
- थाइराइड, मधुमेह (चिनी रोग) ब्लड प्रेसर, पथरी, स्वास प्रश्वास, निमोनिया, खोकी, ग्यास्टिक, पाइल्स, फिस्टुला, कब्जियतको सफल उपचार गरिन्छ ।

डा. नन्द किशोर चौधरी
NMC.No.10951 MBBS. (KU), MD Pediatric
(बाल रोग विशेषज्ञ)
NAMS कान्ती बाल अस्पताल
प्रत्येक शनिबार

डा. सृजना चौधरी
MBBS (TU) NMC No.19783
MD Obstetrics & Gynaecology(KU)
प्रसुती तथा स्त्री रोग विशेषज्ञ
प्रत्येक दिन

डा.प्रमोद कुमार दास
General medicine MHP.No.b.4254 Med
(छाला तथा यौन रोग)
Ex. लालगढ अस्पताल
प्रत्येक शुक्रबार

सम्पर्क : ०३५-४२२७३३/९८४२८२७५५५

# कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कटारी,उदयपुर

कोशी प्रदेश , नेपाल

## आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति .२०८१/०७/२७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ६१ बमोजिम नगरपालिका क्षेत्राधिकार भित्र आ.व. २०८१/०८२ का लागि जडीवुटी, कवाडी र जीवजन्तु कर संकलन गर्नुपर्ने भएकोले कटारी नगरपालिकाको आर्थिक ऐन २०८१ मा उल्लेखित दरका आधारमा कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्व:घोषण पत्रको प्रतिलिपिहरु सहित रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ। यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ।

**निम्न**

| सि.न | आय ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अंक (कर वाहेक) | न्युनतम अंक (कर सहित) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१–२०८१/०८२ | जडिबुटी,कवाडी र जिवजन्तु कर (वार्षिक) | १०,००,०००।- | ११,३०,०००।- | १००० |

**दरभाउपत्र सम्बन्धि शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि ७ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।- नगद राजश्व शाखामा दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ र दरभाउपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका दरभाउपत्र ८ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ। दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. २०५०१००३०३००००००२ मा दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र ( BANK BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ।

३. जडीवुटी, कवाडी र जीवजन्तु करको ठेक्का अवधी २०८२ असार मसान्त सम्म हुने छ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकको ५० प्रतिशत रकम रा.व.बैंक कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी दिईनेछ। ठेकेदारले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ। बाँकी दोस्रो किस्ता २०८२ बैशाख सम्ममा बुझाउनु पर्नेछ। साथै बाँकी रकम बराबरको २०८२ असार मसान्त सम्मको बैंक जमानी पत्र ( BANK BID BOND) पेश गर्नुपर्नेछ।

५. करका दरहरु कटारी नगरपालिकाको आर्थिक ऐन २०८१ मा उल्लेख भए बमोजिम हुनेछ।

६. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ। अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ।

७. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## दनुवार...

नगरपालिकाका दनुवार समुदाय नदीमा पुग्ने गरेका छन् । व्रतको अन्तिम परम्पराअनुसार पारन गरेर अर्थात् चिउरा भिजाएर लड्डु बनाएर खाने प्रचलन दनुवार समुदायमा छ । पछिल्लो समय आदिवासी बस्तीका रुपमा यस खोँच क्षेत्रमा रहेका दनुवार समुदायका अगुवाहरूले बड्कीलाई विशेष रूपले मनाउने गरेका छन् । यस दिन टोलटोल र विभिन्न स्थानमा कार्यक्रमहरू आयोजना गरिन्छ ।

कटारी नगरपालिका-४ र वडा नं ५ र सिन्धुलीको दुधौली नगरपालिकाको विभिन्न वडामा दनुवारहरूले सामूहिक रूपमा यो पर्व धुमधामका साथ मनाउँदैछन् ।

वेशभूषाको महत्वका साथ वेशभूषामा सजिएर उपस्थित भई दनुवार भाषा, धर्म, संस्कृति र अधिकारका सवालमा अन्तरक्रिया मन्तव्य र जनचेतनामूलक कार्यक्रमका साथमा बृहत् सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिने पाँच मौजा कछाडिया दनुवार समाज कटारी-५ उदयपुरका अध्यक्ष फुलदेव अधिकारी दनुवारले बताए ।

दनुवार समुदायको ठूलो पर्व बड्की एकादशीका दिन उदयपुरको कटारी र सिन्धुलीको दुधौली दुवै नगरपालिकाले सार्वजनिक बिदा दिइसकेका छन् ।

बहुसत्यक आदिवासी दनुवार जातिको विशेष पर्वमा बिदा दिएको दुधौली नगरपालिकाका प्रमुख दिनेश अधिकारी दनुवारले बताए । यो पर्व नगरपालिकाको स्थानीय पर्वमध्ये धेरैले मनाउने पर्व रहेको प्रमुख दनुवारको भनाइ छ । त्यसैगरी, हरिबोधनी बड्की एकादशीकै दिन कटारी नगरपालिकाले पनि सार्वजनिक बिदा दिएको छ । मौलिक कला, संस्कृति र स्थानीयको ठूलो पर्वमा बिदा दिएको कटारी नगरपालिकाका प्रमुख राजेशचन्द्र श्रेष्ठले बताए ।















# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको एउटै विद्यालयमा १२ वटा अक्षयकोष

**रौतामाई संवाददाता**
**उदयपुर, २६ कार्तिक**

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–५ लफ्याङमा सञ्चालित श्री माध्यमिक विद्यालय बाँसबोटेमा अक्षयकोषको सत्या १२ पुगेको छ । कक्षा–१२ सम्म अध्ययन/अध्यापन हुँदै आएको श्री मावि लफ्याङको ६४ औं वार्षिकोत्सवमा 'किरात चाम्लिङ राई चन्दाहँछा' परिवारले रू ५१ हजार राशीको अक्षयकोष स्थापना गरेसँगै उक्त विद्यालयमा अक्षयकोषको सत्या १२ पुगेको हो । पहिलो चरणमा रू ५१ हजार रकम जम्मा गरेर स्थापना गरिएको अक्षयकोषलाई वर्षेनी बढाउँदै लैजाने योजना रहेको अक्षयाकोषका संरक्षक एवम् जिल्ला समन्वय समिति खोटाङका पूर्वप्रमुख बबि चाम्लिङले जानकारी दिनुभयो । अक्षयाकोषबाट आएको ब्याजले हरेक वर्ष सर्वोत्कृष्ट अंक ल्याएर कक्षा–१२ उत्तिर्ण गर्ने एकजना विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि प्रतोत्साहनस्वरूप पुरस्कृत गरिने जनाइएको छ ।

अक्षयकोषका लागि चन्दाहँछा परिवाले उपलब्ध गराएको नगद रकम वार्षिकोत्सव उद्घाटन कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईमार्फत विद्यालय प्रशासनलाई हस्तान्तरण गरिएको छ ।

आफ्नो गाउँमा सञ्चालित विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि दिबङ्गत आफन्तको स्मृति तथा वङ्श नाम राखेर विद्यालयमा अक्षयकोष स्थापना गरिएको अभिभावकहरूले बताएका छन् । वि.सं. २०१७ सालमा स्थापना भएको विद्यालयमा यसअघि एकै वर्ष चारवटा अक्षयकोष स्थापना भएको थियो । वि.सं. २०६८ सालमा रू एक लाख ११ हजार ११ राशीको स्वः मनमाया राई स्मृति अक्षयकोष, रू ७८ हजार ३१३ राशीको भूतपूर्व विद्यार्थी अक्षयकोष, रू ५५ हजार राशीको सेरालुङहँछा अक्षयकोष र रू ५१ हजार राशीको स्व. दैवप्रसाद–तुलसा स्मृति अक्षयकोष स्थापना गरिएको हो ।

यस्तै, वि.सं. २०७२ सालमा रू एक लाख राशीको स्व. चिमा राई स्मृति क्षयकोष, वि.सं. २०७५ सालमा रू ५५ हजार ५५५ राशीको स्व. विद्याकुमारी कार्की स्मृति अक्षयकोष, वि.सं. २०७५ सालमै रू ५१ हजार राशीको स्व. भीमप्रसाद घिमिरे स्मृति अक्षयकोष, वि.सं. २०७६ सालमा रू एक लाख एक हजार राशीको स्व. जसमान–जयमति राई स्मृति अक्षयकोष स्थापना गरिएको थियो । वि.सं. २०७८ सालमा रू दुई लाख २२ हजार २२२ राशीको स्व. असुनमायाँ राई स्मृति अक्षयकोष, सोही वर्ष रू ५० हजार राशीको स्व. आमा–छोरा स्मृति अक्षयकोष र वि.सं. २०७९ सालमा रू ७१ हजार १११ राशीको स्व. दीपबहादुर–नैनकुमारी श्रेष्ठ स्मृति अक्षयकोष स्थापना गरिएको हो ।

## कटारीमा...

पर्व तथा तुलसी विवाह ठुलो पर्वको रूपमा मनाउँदै आएका छन्। त्यसैले ती समुदायको बाहुल्यता रहेको नगरपालिकाले बिदा दिएका हुन् । कटारी नगरपालिकाहरुमा अति आवश्यकबाहेक पालिकाको कार्यालय, वडा कार्यालयहरु, शैक्षिक संस्थाहरु बन्द रहने जारी गरिएको सूचनामा उल्लेख छ ।

# शौचालयमा शिशु जन्माएर फरार महिला पक्राउ

**रौतामाई संवाददाता**
**उदयपुर, २६ कार्तिक**

झापाको हल्दिबारी –१ गोलधापस्थित द नेपाल हेल्थ क्लिनिक एण्ड डाइग्नोस्टिक सेन्टरको शौचालयमा शिशु जन्माएर फरार भएकी महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

सीसीटीभी फुटेजका आधारमा ती महिलाको पहिचान गरिएको हो । उनी बिर्तामोड –१० की भएको बताइएको छ । मृत शिशुको पोस्टमार्टम भई नसकेकाले ती महिलालाई प्रहरीले निगरानीमा राखेको छ । पोस्टमार्टम रिपोर्ट आइसकेपछि उनीमाथि कार्वाही गर्ने जनाइएको छ । सीसीटीभी फुटेजमा एकजना महिला सिटी रिक्सामा आएको र क्लिनिकको बेन्चमा बसेको देखिएको छ । शनिवार दिउँसो २:३० बजेतिर क्लिनिकको शौचालयमा मृत शिशु फेला परेको थियो । ती महिला पेट दुखेर अस्पतालमा आएको र शौचालयभित्र शिशु जन्माएर फरार भएको पाइएको प्रहरीले जनाएको छ । ती महिलाको श्रीमान वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेको पाइएको छ ।

महिला तथा बालबाकासम्बन्धी कुरा भएकाले हाललाई पक्राउ परेकी महिलाको नाम नखुलाइएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णबहादुर चन्दले बताउनुभयो । यो वैदेशिक रोजगारीका कारण समाजमा बढेको विकृतिकै एउटा रूप हो प्रहरी प्रवक्ता चन्दले भन्नुभयो ।

## उदयपुरमा...

कार्यालय उदयपुरका जिल्ला न्यायधिबक्ता मनोजकुमार गुप्तालाई निर्बाचन अधिकृत नियुक्ति गरेको छ । निर्बाचन अधिकृतले बेलका नगरपालिका–९ रामपुरठोक्सिलामा वडाध्यक्षको निर्बाचन गराउने छ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम सोमबारदेखि नै लागू हुने गरी ३२ जना जिल्ला न्यायाधीश विभिन्न स्थानमा मुख्य निर्वाचन अधिकृत र ६ जना राजपत्रांकित कर्मचारीलाई निर्वाचन अधिकृत नियुक्त गरेको हो ।

निर्धारित कार्यतालिका अनुसार नियुक्त मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतबाट कात्तिक ३० गते सम्बन्धित स्थानीय तहको केन्द्र तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन व्यवस्थापन सम्बन्धी कार्यसम्पादन गरिने आयोगका सहसचिव एवम प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए ।

























क्वालिटी पब्लिकेशनद्वारा प्रकाशित
सम्पादक : तुलसी प्रसाद कोईराला, बजार व्यवस्थापक : मिन बहादुर भण्डारी (मिनु) (९८४२८०५७२१), कार्यालय : त्रियुगा नगरपालिका ११, उदयपुर (त्रियुगा मा.वि. गेटसँगै)
सम्पर्क नं. : ०३५-५९०५००, ९८५२८३५५००, E-mail : rautamaidaily@gmail.com/udayapursimrik5@gmail.com मुद्रण : लक्ष्मी छापाखाना गाईघाट